नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोनः ४२११५६१,
४२६४६८६,४२६२०५६
४२००८९५

सिंहदरबार,
काठमाडौं, नेपाल


पत्र संख्याः- ०७८।७९
च.नं.:-

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

### राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ता सेवा सञ्चालन गर्ने समय थप गरिएको सम्बन्धी सूचना

वर्तमान समयमा राष्ट्रिय परिचयपत्र बनाउन विवरण प्रविष्ट गर्नेको भिडभाड बढि रहेको छ। सोही सन्दर्भमा पुरानो राहदानी विभाग, नारायणहिटीबाट प्रदेश नम्बर १, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश तथा मधेश प्रदेशका सिराहा, महोत्तरी, बारा र रौतहटबाट राहदानी बनाउन जरुरी परी काठमाडौं आइसकेका नागरिकलाई राष्ट्रिय परिचयपत्रको विवरण प्रविष्ट गरिदिने कार्य गर्दै आएको छ। सेवामा आउने नागरिकको सेवा तथा सहजताको लागि नारायणहिटीको काउन्टर मिति २०७९।०५।१२ गते आइतवार देखि विहान ९:०० बजे देखि बेलुकी ६:०० बजेसम्म विवरण दर्ता सेवा सञ्चालन गर्ने गरी व्यवस्थापन गरिएको व्यहोरा सम्बन्धित सबै महानुभावलाई जानकारी गराईन्छ। तसर्थ, राहदानी बनाउन जरुरी परेका महानुभावहरु, जो आफ्नो जिल्लामा गई तत्काल राष्ट्रिय परिचयपत्रको लागि विवरण प्रविष्ट गर्न सक्नुहुन्न, जरुरी देखिने कागजात सहित तोकिएको समयमा सेवा लिन सम्पर्क राख्नुहुन सूचित गरिन्छ।

मितिः २०७९।०५।१०

(अभय शेखर अधिकारी)
शाखा अधिकृत